नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७६) काठमाडौं, मंसिर ३ गते, २०८३ साल (संख्या ४८

भाग ३

नेपाल सरकार

गृह मन्त्रालयको

सूचना

संवत् २०८३ सालको नियमावली (नेराप) नम्बर ४८

प्रहरी (एघारौं संशोधन) नियमावली, २०८३

प्रहरी नियमावली, २०७१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रहरी ऐन, २०१२ को दफा ३९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. <u>सङ्क्षिप्त नाम र प्रारम्भ</u> : (१) यी नियमहरूको नाम "प्रहरी (एघारौं संशोधन) नियमावली, २०८३" रहेको छ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ।

२. <u>प्रहरी नियमावली, २०७१ मा नियम १८१क. थप</u> : प्रहरी नियमावली, २०७१ (यसपछि "मूल नियमावली" भनिएको) को नियम १८१ पछि देहायको नियम १८१क. थपिएको छ :-

"१८१क. <u>प्यारामेडिक्स तथा अन्य प्राविधिक प्रहरी कर्मचारी सम्बन्धी</u> : यो नियम प्रारम्भ हुनु अघि प्राविधिक प्रहरी समूह, स्वास्थ्य उपसमूहको प्यारामेडिक्स तर्फ कायम रहेका प्रहरी कर्मचारी र अन्य तर्फ कायम रहेका प्रहरी कर्मचारी यो नियम प्रारम्भ भएपछि प्यारामेडिक्स/अन्य प्राविधिक तर्फ कायम भएको मानिनेछ।"

३. <u>मूल नियमावलीको अनुसूची-१ मा संशोधन</u> : मूल नियमावलीको अनुसूची-१ को खण्ड (क) को उपखण्ड ३ मा रहेको "प्यारामेडिक्स" भन्ने शब्दको सट्टा "प्यारामेडिक्स/अन्य प्राविधिक" भन्ने शब्दहरू राखी सो खण्डको उपखण्ड ४ झिकिएको छ।

आज्ञाले,
केदारनाथ शर्मा
नेपाल सरकारको सचिव।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।